फोन नं: ०११-४९०२०१/४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,काभ्रेपलाञ्चोक

धुलिखेल,काभ्रेपलाञ्चोक

## कृषि विकास कार्यक्रममा सहभागिताका लागी प्रस्ताव आव्हान सम्वन्धि सूचना

सूचना नं.०९/०८०/८१
प्रथम पटक प्रकाशित मिति: २०८०/०७/०२

कृषि ज्ञान केन्द्र, काभ्रेको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा तपसिलमा उल्लेखित कृषि विकास कार्यक्रमहरु सञ्चालन गर्न यस केन्द्रको कार्यक्षेत्र (काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक जिल्ला) का सम्वन्धित बालीका लागि निर्धारित क्षेत्र भित्रका ईच्छुक आवेदकहरु (कृषि फर्म, कृषक समुह तथा कृषि सहकारी संस्था) ले यो सूचना प्रकाशित भएको २१ औं दिन (२०८०/०७/२२) सम्म कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को अनुसुचि २ बमोजिमको फर्मेटमा प्रस्ताव तयार गरि कृषि ज्ञान केन्द्र धुलिखेल वा केन्द्रको सम्पर्क कार्यालय चौतारा सिन्धुपाल्चोकमा पेश गर्नुहुन अनुरोध गरिन्छ।अनलाइन मार्फत आवेदन दर्ता गर्न इच्छुक आवेदकहरुले कार्यालयको **वेवसाइट https://www.kavre.akc.gov.np/ को आयोजना/कार्यक्रम माग आवेदन फारम** भित्र गइ **प्रस्ताव पेशका लागि उपलब्ध रहेका कार्यक्रमहरु** मध्ये आवेदन दिन चाहेको कार्यक्रम को **+आवेदन फारम भर्नुहोस** लाइ क्लिक गरि निर्दिष्ट कागजात/जानकारीहरु अपलोड /प्रविष्ट गरी आवेदन पेश गर्न सकिने छ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसकिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल:**

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | कुल वजेट (रु लाख) | प्रति पकेट न्युनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | काभ्रेपलाञ्चोक जिल्ला | सिन्धुपाल्चोक जिल्ला |
| १. | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ४५ | ९० | खुल्ला जमिनमा १.५ हेक्टर तथा टनेलमा १ रोपनी | पाँचखाल न.पा.- २, ३, ४, ५, ७; मण्डनदेउपुर न.पा. -८, ९, १०, ११, १२; धुलिखेल न.पा. २, ८, ९; बनेपा न.पा.-१, २, ३, ४, ५; पनौती न.पा.- २, ३, ८, १०, १२; नमोबुद्ध न.पा.-२, ८, ९, १०; भुम्लु गा.पा.- ९, १०; बेथानचोक गा.पा. २, ३; रोशी गा पा- १, २ ; चौरीदेउराली गा.पा.-३, ४, ५, ६ | मेलम्ची न.पा.-१, २, ९, १०, १२, १३; चौतारा साँगाचोकगढी न.पा-१०; लिसंखुपाखर गा.पा.-२, ४; बाहबीसे न.पा.- ४, हेलम्बु गा.पा.- ४; त्रिपुरासुन्दरी गा.पा.- ६ |
| २. | मकै बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५० | ५० | ३ हेक्टर | नमोबुद्ध न.पा., खानीखोला गा.पा., महाभारत गा.पा., तेमाल गा.पा., रोशी गा.पा., चौरीदेउराली गा.पा. पाँचखाल न.पा. | इन्द्रावती गा.पा., त्रिपुरासुन्दरी गा.पा., बलेफी गा.पा., सुनकोशी गा.पा., लिसंखुपाखर गा.पा. |

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,काभ्रेपलाञ्चोक

धुलिखेल, काभ्रेपलाञ्चोक

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | धानबाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५० | ५० | ३ हेक्टर | पनौती न.पा., धुलिखेल न.पा., पाँचखाल न.पा., मण्डनदेउपुर न.पा. | मेलम्ची न.पा., सुनकोशी गा.पा., इन्द्रावती गा.पा., चौतारा साँगाचोकगढी न.पा., बलेफी गा.पा., हेलम्बु गा.पा., बाह्रबीसे न.पा. |
| ४. | किवी प्रवर्द्धन कार्यक्रम | हेक्टर | २५ | २५ | १.५ हेक्टर | तेमाल गा.पा.- ७, भुम्लु गा.पा.- ४, ३ | हेलम्बु गा.पा- ३., पाँचपोखरी थाङ्गपाल गा.पा.- ४,५, लिसंखुपाखर गा.पा.- ३, ४; इन्द्रावती गा.पा.- १ |
| ५. | च्याउ खेती प्रवर्द्धन कार्यक्रम | संख्या | १२ | २४ | १००० के.जी. वीउ (गोब्रे र कन्ये) ३००० मुडा (सिताके) | धुलिखेल न.पा-३, ४, ६; बेथानचोक गा.पा.-२, ३, नमोबुद्ध न.पा.- ७, पनौती न.पा.-१, १०, बनेपा न.पा.-४ | बाह्रबीसे न.पा- ३; बलेफी गा.पा.- ५, |
| ६. | मसलाबाली प्रवर्द्धन कार्यक्रम (अलैची, अदुवा,वेसार आदि ) | हेक्टर | २० | २० | १ हेक्टर | नमोबुद्ध न.पा.-२,१०; चौरीदेउराली गा.पा.-३, ४,५,६,७,८; पाँचखाल न.पा.- १; महाभारत गा.पा.- ६,७; रोशी गा. पा.- ४ | बाह्रबीसे न.पा.- २, ७; पाँचपोखरी थाङ्गपाल गा.पा.- २, ४,; त्रिपुरासुन्दरी गा.पा.-२; इन्द्रावती गा.पा.-४,५ ; हेलम्बु गा.पा.- २ |

**प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु:**

१. रु.१०/- को टिकट टाँस गरी **कार्यविधिको अनुसुचि -२** बमोजिमको ढाँचामा प्रस्ताव सहितको निवेदन
२. आवेदक कृषि फर्म/कृषक समुह/कृषि सहकारी संस्थाको संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको छाँयाप्रति तथा पछिल्लो आ.व. को करचुक्ता प्रमाण पत्रको छाँयाकपी,
३. संचालन गरिने कार्यक्रमको प्रस्तावना (विस्तृतमा लागत इष्टिमेट तथा डिजाइन समेत),
४. सम्बन्धित स्थानीय तहको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने भनी उल्लेख गरिएको तथा कार्यक्रमका लागि सिफारिस पत्र,
५ आवेदकको आफ्नै स्वामित्वमा भएको खेति गरिने जग्गाको लालपुर्जाको छाँयाकपी वा जमिन भाडामा लिएको भए फलफुलको हकमा कम्तिमा १५ वर्ष र तरकारी र खाद्यान्न बालीको हकमा कम्तिमा ५ वर्षको लागी करारनामाको प्रमाण
६. संस्थागत निर्णयको प्रतिलिपि (संस्थाको हकमा)
७. अख्तियार प्राप्त व्यक्तीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा सक्कल अख्तियारी पत्र
८. कार्यक्रम संचालन हुने जग्गाको क्षेत्रफल खुल्ने कागजात (लालपुर्जाको प्रतिलिपी)

**पुनश्चः** "कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोकको वेवसाईट **https://www.kavre.akc.gov.np/**बाट डाउनलोड गर्न सकिनेछ। साथै अनलाइन मार्फत फर्म भर्ने आवेदकहरुले उल्लेखीत सम्पुर्ण कागजातहरुको सक्कल/प्रमाणित प्रति फिल्ड भेरिफीकेशनको क्रममा अनिवार्य पेश गर्नुपर्ने छ। अन्यथा आवेदन छनौटका लागि मुल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।